# गोर्खाली सुधार सभा

17 अप्रैल 1938

मासिक समाचार पत्र

वर्ष -49 अंक-25 फरवरी 2021 मूल्य 9/- पृष्ठ 12




**गोर्खाली सुधार सभाको चंद्रबनी शाखा द्वारा संचालित सिलाई प्रशिक्षणको उद्घाटन**



मा. विधायक श्री गणेशजोशी सित सभा तथा सामाजिक
सम्बन्धित विषयहरूमा विचार विमर्श।



मिरिक दार्जिलिंग बाट आध्यात्मिक गुरू फर्बा रिनपोचे द्वारा गोर्खाली
सुधार सभाको अध्यक्ष तथा कार्यकारिणी सित शिष्टाचार भेट।

17 अप्रैल 1938

# गोर्खाली सुधार सभा

वर्ष -49 अंक-25

फरवरी 2021

**सम्पादक**
कर्नल जीवन कुमार क्षेत्री

**विशेष सहयोग**
श्रीमती प्रभा शाह

**स्वामी/मुद्रक/प्रकाशक**
अध्यक्ष
गोर्खाली सुधार सभा

**मुख्य कार्यालय**
गोर्खाली सुधार सभा
परमवीर चक्र ले. क.धनसिंह थापा मार्ग
गढ़ी कैन्ट, देहरादून
फोन:0135-2756070
9897440879


**वितरक**
सभा शाखाध्यक्षहरू

**डिजाइनिंग टाइप सेटिंग**
विमला थापा
मार्डन कम्प्यूटर, चकराता रोड, देहरादून

**प्रकाशन कार्यालय**
भाष्कर प्रेस, कचहरी मार्ग
देहरादून, उत्तराखण्ड

नोट : पत्रिकामा प्रकाशित लेखहरूकोलागि सम्पादक मण्डल एवं प्रेसको सहमति हुन आवश्यक छैन। समस्त विवादहरूको न्यायालय क्षेत्र देहरादून हुने छ।


## अध्यक्षको कलमबाट



श्री पदम सिंह थापा

गोर्खाली सुधार सभाको उदेश्य र दुरदर्शिता सित समाज र समुदायको उद्धार अनि, विकासको निम्ति निरन्तर अघि बढि रहेको छ यद्यपि, सर्वागिनं विकास माथि ध्यान दिनु आवश्यक छ। समाज र समुदायको अस्तित्वको स्तम्भहरूमा शिक्षा, भाषा, संस्कार, संस्कृति, परम्परा, कला साहित्य हुन्। कोषिश सभाले नगरेको होइन तर परिणाम सन्तोषजनक छैन विशेष गरेर भाषा अनि शिक्षा प्रति। युवाहरूको आफ्नो भाषा प्रति अभिरूचि हराउँदै गएको छ। यो अति चिन्ताजनक हो। यस प्रति जनचेतना र जन जागरूकता नल्याए भाषा अवश्यै हराउने छ। भाषा हराए जाति-समुदाय हराउँछ। जाती नै हराए पछि, अस्तित्व बाँच्छ भन्ने कल्पना पनि गर्ने सकिन्न। यहि सोंचले, बसन्त पंचमीको दिन सभाले भाषाको ज्ञान र शिक्षाको निम्ति निःशुल्क क्लास चलाउन शुरू गरेको छ। समाज र समुदायलाई विन्ती छ सभाको यस प्रयासलाइ अवसरमा बदलिएर भाषाको ज्ञान सबैमा पुर्याउने जिम्मेवारी हामी सबैले लिनु पर्छ र यसले सा-साना नानी अनि युवाहरूमा भाषाको महत्व प्रति अभिरूचि पनि जाग्ने छ।

## महामंत्रीको कलमबाट



श्री गोपाल क्षेत्री

सभाको यात्रा अब 83 वर्षमा टेक्न लागि सकेको छ। गर्वको कुरो हो, यो धरोहरको निरन्तरता अनि सहज यात्राको श्रेय, समुदायको माया प्यार, अनि शुरूकाल देखि नै विभिन्न पदमा रहेर आफ्नो जिम्मेवारी लगन, ईमानदारी, दुरदर्शिता सित पूरा गर्दै आई रहेका कार्यकारिणीहरू अनि सभाको संविधान माथि जान्छ। यद्यपि, हामिलाई अलिक संवेदनशिल बन्नु पर्छ आफ्नो जिम्मेवारी प्रति साथै संविधानको सम्मान, सभाको गरिमा सदैव प्रथम रहन्छ। यस प्रति केही सुधारको आवश्यकता छ। सभाको मासिक बैठक 'अन्तरंग सभा' देशको संसद सभा जस्तै हो अनि यहाँ उपस्थितिको, अनुशासन र सभाको गरिमा पहिले आउँछ। यस प्रति हामी सचेत र सतर्क नरहे समाज तथा समाज बाहिर कस्तो सन्देश जान्छ, हामी जान्दछौं। हाम्रो चिन्हारी वीरता, परिश्रमी, ईमानदारी अनि सत्यता हो अनि विश्वले मान्दछन्। सभाको कार्यशैली संविधानमा आधरित छ। यसैको आधारमा हामी बढनु पर्छ तबै मात्र हाम्रो विकास हुनेछ प्रगतिको पथमा लाग्नेछ। उपस्थिति होस् या सभा र कार्यकारिणीको सम्मान होस्, हामि सबैले समय को महत्व बुझों नत्र भने हो हल्लाको निर्णय (अन्तरंग सभामा लिइने) खरानीको डल्ला जस्तै नहोस्।

# 13 फरवरी 2021 अंतरंग सभा गोर्खाली सुधार सभा

1. गत महिनाको अंतरंग सभा गोर्खाली सुधार सभाको मानेकशा सभारमा दिनांक 13 फरवरी 2021 बिहान 11 बजे माननीय अध्यक्ष श्री पदम सिंह थापाज्यूको अध्यक्षतामा सम्पन्न भयो। अंतरंग सभाको ब्योरा यस प्रकार छ :-

क) स्वागत सम्बोधन:- महासचिव श्री गोपाल क्षेत्रीज्यूले अंतरंग सभामा उपस्थित शाखाध्यक्ष, केन्द्रीय कार्यकारिणी, पूर्व अध्यक्ष, आमंत्रित जिला सैनिक कल्याण कार्यालयका सहायक अधिकारी के0 सुधीर शाही, ज्ञानशाला पुस्तकालय तथा कोचिंग सेन्टरका प्रभारी श्री राजीव ठाकुर तथा डी.डी. स्कूल गढ़ी कैन्टका शिक्षक मण्डलहरूको अभिनंदन जनाउनु भयो।

ख) दिवंगतहरू प्रति श्रद्धांजलि-विगतमाहमा दिवगंत हुनु भएका सदस्य तथा रेणी गांव चमोलीमा आकस्मिक आपदाको कारण सबै मृत्यु भएका आत्मा शांतिको निम्ति तथा वहांको परिवारलाई यो दुख सहने शक्ति प्राप्त होस भनी 2 मिनट को मौन शांति प्रार्थना राखे। दिवंगत सभाका सदस्यहरूको सूचिः

| | | | |
|---|---|---|---|
| i) | श्री संजीव प्रधान | अनारवाला | 18.01.2021 |
| ii) | श्रीमती अर्चना थापा | सेवली | 02.02.2021 |
| iii) | श्री गोविन्द बल्लभ | नेहरूग्राम | 11.02.2021 |
| iv) | श्री जगत खत्री | कारबारी | 08.02.2021 |
| v) | श्री भरत | चन्द्रबनी | – |
| vi) | कु0 नियती शाही | चन्द्रबनी | 26.01.21 |
| vii) | श्री गणेश बहादुर थापा | चन्द्रबनी | 17.01.21 |
| viii) | श्री जीत बहादुर थापा | सेलाकुई | 15.01.21 |
| ix) | श्रीमती कली सरा मगर | तेलपुरा शाखा | – |
| x) | श्री हरिसिंह गुरूंग | ठाकुरपुर | 2.02.2021 |
| xi) | श्री दिनेश क्षेत्री | नेहरूग्राम | 10.02.2021 |
| xii) | श्रीमती इन्द्रा गुरूंग | रायपुर | – |
| xiii) | श्रीमती बिन्दु थापा | रायपुर | – |

2. (क) आमंत्रित डी.डी. स्कूल का वरिष्ठ शिक्षकगण- शिक्षकगणले शिक्षाको अधिकार अंतर्गत सबै बच्चाहरूले शिक्षाको समान अवसर पाउनु सक्छ, प्राइवेट पब्लिक तथा अर्द्ध सरकारी स्कूलमा 25 प्रतिशत कोटा गरीब परिवारको लागि आरक्षित हुन्छ सबैले यो सुविधा लिनु पर्छ, यस अतिरिक्त कुनै गरीब बच्चाहरूले यस सुविधा को आरक्षण पाउनु सकेनन भने वहांले प्रत्यक्ष रूपमा प्रधानाचार्यलाई भेटेर आरक्षण सुविधा अनुरूप शुल्क दरमा रियायत पाउने छन। यो आरक्षण प्रक्रिया 04 मार्च 2021 सम्म चल्ने छ।

ख) आमंत्रित श्री राजीव ठाकुर प्रबन्धक ज्ञानशाला पुस्तकालय संस्थानले चलाएको पुस्तकालयमा शिक्षा तथा ज्ञानवर्धक पुस्तकहरू निःशुल्क पढ्नु सक्छन तथा कमजोर विद्यार्थीहरू कम शुल्कमा कोचिंग पनि लिनु सक्ने छन। सभा परिसरमा आज यस संस्थाले एक पुस्तक प्रदर्शनी पनि लगाएको छ।

ग) आमंत्रित के. सुधीर शाही जिला पूर्व सैनिक कल्याण सहायक अधिकारी-पूर्व सैनिक कल्याण को सुविधाको लागि हामी कार्यालयमा पदासीन भएको हो, कुनै पनि असुविधा भए प्रत्यक्ष भेटनु होस। नेपाली पूर्व सैनिकहरूलाई भारतका सुविधा दिने बारे व्यवस्था कार्यक्रम शुरूवात भई रहेको छ। पूर्व सैनिकहरू तथा वीरता सम्मान पाउने वीर योद्धहरूलाई अतिरिक्त आर्थिक पेंशन व्यवस्था ढीलो भयेको छ। तर सबैले तुरन्तै पाउनु हुने छ।

घ) श्री भूपेन्द्र अधिकारी, भाषा एवं शिक्षाविद्-नेपाली भाषा मात्र क्षेत्रीय भाषा होइन अब यो भाषा अंतर्राष्ट्रीय स्तरमा पुगेको छ। हामी सबै समाज सेवीहरूको यो दायित्व हो धेरै भन्दा धेरै भाषाको प्रसार तथा प्रेरित गर्नु आवश्यक छ। कतिपय स्कूलहरूले भाषा अध्यापन कार्य शुरू गरेका छन तथा गोर्खाली सुधार सभाले भाषा शिक्षण कार्यमा अघि आएको छ भने हजूर सबै बधाईका पात्र हुनु हुन्छ। मेरो पनि शिक्षण व्यवस्था मा यथाशक्ति सहयोग हुने छ आश्वासन दिनु भयो। पहिला हामी प्राइमरी शिक्षण कार्य शुरू गरौं। सबै ले आफ्नो क्षेत्र का नानीहरू तथा युवाहरूलाई सभाको कक्षामा पुरयाउने व्यवस्था गर्नु होला।

3. **अंतरंग सभाका ऐजेन्डाहरू:**

क) स्थापना दिवसको कार्य सूचीक्रम, सम्मान तथा छात्रवृत्ति बारे छलफल।

ख) स्थापना दिवसको खर्चा स्वीकृति

ग) कम्प्यूटर शिक्षा तथा सिलाई प्रशिक्षण बारे (पुनः शुरू गर्नु)

4. पूर्व माहको अंतरंग सभा विवरण तथा सम्पुष्टि- जनवरी 2021 माहको अंतरंग सभाको कार्यवाही आजको अंतरंग सभाले सम्पुष्टि दियो तथामहामंत्र ज्यूले आभार व्यक्त गर्नु भयो।

5. आय-व्यय को विवरण तथा सम्पुष्टि- कोषाध्यक्ष श्री प्रदीप क्षेत्रीज्यूले जनवरीको आय-व्यय ब्योरा अंतरंग सभा अध्यक्ष समक्ष प्रस्तुत गर्नु भयो तथा सभाले सम्पुष्टि दियो।

6. **सूचनाहरू:**

क) शाखाहरूको अडिट कार्यक्रम चली रहेको छ AGM कार्यक्रमानुसार तैयारी गर्ने।

ख) कोरोना काल स्थिति सामान्य भयो भने 01 मार्च देखी शाखा तथा केन्द्र कार्यालय पूर्ववत चलने छ।

ग) केन्द्र कार्यालय स्टोर जांच भएको छ।

घ) चुनाव समितिहरूले आगामी चुनावबारे केन्द्रिय कार्यालयमा छलफल गरेको छ।

ङ) ऋषिकेशमा चेरिटेबल संस्थाले 13, 14 तथा 15 फरवरीमा कृतिम अंग प्रत्यारोपण तथा अन्य उपकरणहरू दान व्यवस्था गरेको छ दिव्यांग जनलाई सूचना दिनु होला।

च) गोर्खा मिलट्री इन्टर कॉलेजमा फुटबॉल टुर्नामेंट चली रहेको छ तथा गोर्खाली सुधार सभाको टीम पनि गठन गरी रहेको छ। इच्छुक खिलाड़ीहरूलाई टीममा शामिल गर्नु होला।

छ) आगामी माहमा वर्तमान पत्रिकामा अतिरिक्त पेजहरू जोडी रहेका छौं। शाखा बाट यथा सक्दो आफ्नो लेखहरू (कथा कविता, लेख, व्यंग्य इत्यादि) पत्रिकामा प्रकाशित हेतु पठाउनु होला।

ज) 20 अप्रैलमा स्वतंत्रता सेनानी खड्क बहादुर सिंह बिष्टज्यूको स्मृतिमा खाराखेत, देहरादूनमा श्रद्धांजलि आयोजन हुने छ।

झ) सभाको पुराना जेनरेटर बिक्रीको लागी उपलब्ध छ कोई पनि इच्छुक सदस्यहरूले केन्द्रमा सम्पर्क गर्नु होला।

ञ) आकाश गुरूंग हाम्रोसभाको कर्मचारी हुन, सबै महानुभावहरूले छोरीको उच्च शिक्षाको निम्ति आर्थिक सहयोग दिनु भएको छ। सभा यस सहयोग निम्ति आभारी सबै छ तथा सभालाई पनि दान दाताहरूले सूचित गरी दिनु होला।

ट) सभाको चार्टेड एकाउंट महोदयज्यूले पनी सभाको 6000/- रूपया सहयोग दिनु भएको छ।

ठ) पतंजलि देखी आचार्य बालकृष्णज्यूले गरीब परिवार साथै मायागिरीको चिकित्सा सुविधा निम्ति 50000/- रूपया सभामा दिनु भएको छ वहांको घेरै आभार छ, हामी त्यो अनुदान आवश्यक अनुसार उनको चिकित्सामा दिने छौ।

7. **महामंत्री कोनिवेदन:-**

क) स्थापना दिवसको उपलक्षमा वार्षिक पत्रिका छापी रहेको छौ लेखन सामग्रीहरू शाखा देखी पठाउनु होला।

ख) AIGEWA को छात्रवृत्ति फार्म सबै शाखाहरू ले जमा गरी दिनु होला।

ग) उज्जवल भविष्य कोषको सत्रको छात्रवृत्ति फार्म पनी जमा भई रहेको छ।

घ) गोर्खाली सुधार सभाको साधारण तथा विशेष छात्रवृत्ति पनि हामी स्थापना दिवसमा वितरण गर्ने छौं

ङ) शाखाहरूको लेखा-जोखा जांच भई सकेको छ वहांहरूको आफ्नो समय भित्र वार्षिक बैठक गराई दिनु होला।

8. **पत्राचारहरू**

क) उत्तरकाशीमा गोर्खा परिवारहरूको वोटर लिस्टमा नाम हटाएको विषय राज्यमंत्री श्री टी.डी. भुटियाज्यूलाई सहयोग निम्ती सिफारिश पत्र पठायेको छ।

ख) संस्था नवीनीकरण निम्ति हामीहरूले रिमाइण्डर पठाएको छौं।

ग) समयमा किराया जमा नगर्नु तथा दुकान धैरै समय सम्म बन्द राख्नेहरूलाई किराया जमा गर्नु तथ भवनखाली गरनु निम्ति आदेश पत्र पठाएको छ।

घ) सभाको खाता निम्ति बैंकमा KYC जमा गरेका छौं।

9. **उपस्थित महानुभावहरूको सुझाव**

क) श्री पदमशाही, शाखाध्यक्ष चन्द्रबनी- नया शाखा खोल्ने तथा नया शाखाध्यक्षको चुनाव गर्नु निम्ति आगामी चुनावमा समितिले निवार्चन गराउने तथा अन्य समुदायमा विवाह गरेका सदस्यहरूलाई चुनाव प्रक्रियामा शामिल न गर्ने सुझाव दिनु भयो।

ख) श्री लीला सिंह वली क्षेत्री शाखाध्यक्ष चकराता-वहांले चन्द्रबनी शाखाध्यक्षज्यूको चुनाव सम्बन्धित सुझावमा सहमती व्यक्त गर्नु भयो तथा नेपाली भाषा शिक्षण कार्यक्रम हामीलाई आर्थिक सहयोग गरे मात्र हामी अघि बढ़ाउनु सक्छौ।

ग) श्री जोगेन्द्रशाह, शाखाध्यक्ष विकासनगर-वहांले पनी अन्य जातिमा मिश्रित भयेका सदस्यहरूलाई निर्वाचित न गर्ने सभाको गोपनीयताका जाँच पर्नु जान्छ। नेपाली भाषाको शिक्षण कार्यक्रम उच्च शिक्षामा पनी चलाउने भन्नु भयो।

घ) श्री खेमबहादुर गुरूंग शाखा उपाध्यक्ष श्यामपुर-नेपाली भाषाका पुस्तकहरू छापेर शाखाहरूले घर-घरमा वितरण गर्ने तथा वहांको सुझावहरू केन्द्रमा दिये हामी भाषा शिक्षण कार्यक्रम केही स्तरमा सफल हुने छौ।

ङ) श्री शमशेर थापा, शाखाध्यक्ष जैतनवाला पूर्व गोर्खा सैनिकहरूले पाउने पर्ने पेन्शन सम्बन्धित कार्यहरू ढिलो भई रहेको छ। जिला सैनिक कल्याण कार्यालयने यसकार्यमा धैरै सहयोग गर्नु पर्ने छ।

च) क.जीवन कुमार क्षेत्री सम्पादक- भारतमा बसो बास गर्ने गोखाहरूले नेपाली भाषा बोल्नु पर्छ तथा यसको प्रचार प्रसार को पनि आवश्यक छ। अनि NEP 2021 अन्तर्गत प्राईमेरी स्तर (Class 5) सम्म भारत सरकारले मातृ भाषामा शिक्षा दिने संविधान कानून पास गरेको छ। यसको निम्ति गोर्खाली सुधार सभाको नेतृत्वमा राज्य सरकार सित नेपाली भाषामा पनि प्राईमेरी स्तर सम्म स्कूलहरूमा पनि शिक्षा दिने व्यवस्था र सुविधा उपलब्ध गराउनुको निम्ति विचार विमर्श गर्नु आवश्यक छ।

छ) श्री नीरज थापा, अध्यक्ष चुनाव समिति- यो वर्ष जुलाईमा शाखाहरू तथा अगस्तमा केन्द्रमा चुनाव हुने छ। यस कार्यक्रमलाई सफल गर्नुमा शाखाहरूको सहयोग आवश्यक छ। निर्विरोध चयनित भयेका शाखाहरूको नामावली तुरन्त जमा हुने छ। नियमावली अनुसार उम्मीदवारहरूलाई चुनाव समितिले चुनाव प्रक्रिया रोक्नु सक्दैन। पात्र उम्मीदवारहरू आफ्नो नामांकन गर्नु होला।

ज) ब्रि. पी.एस.गुरूंग, पूर्व अध्यक्ष- अति आवश्यक न भयेको हामीले संविधान संशोधित न गर्ने। सबै सदस्यहरूले सौहार्दपूर्ण तथा सद्भावना बनाएर राख्ने हो। हामी सबैले आपसमा सहयोग गरेर निर्वाचन प्रक्रियालाई सफल बनाउने हो।

झ) सुश्री पूजा सूब्बा, उपाध्यक्ष-पारिवारिक स्तरमा हामी नेपाली भाषा प्रयोग गरौ, स्थानीय कैम्पहरूको आयोजन द्वारा भाषा प्रसारलाई प्रेरित गरौ त्यस पछि प्रयास स्नातक स्तर पुग्नु सक्छा।

ञ) के.आर.एस भाषा सहयोजित सदस्य-अंतरंग सभाका अनुशासन हुनु आवश्यक छ, कुनै पनी सदस्य अंतरंग सभामा उपस्थित हुनु इच्छुक छ भने अध्यक्षज्यूको पूर्व परामर्श लिएर शामिल हुनु सक्छ। वक्ताहरूले पूर्वमा लिखित सुझाव दिये त्यसको उपाय तथा विचार तुरन्तै हुनु सक्छ। नेपाली भाषालाई बोल्ने हामी सबै प्रयास गरौ, नानीहरूलाई नेपाली पत्रिका पढ़ाउने र पढने प्रेरणा दिंदै पर्छ।

10. **माननीय अध्यक्षको सम्बोधन**-अंतरंग सभामा भयेको छलफलहरू तथा सारहरू निकलेको अध्यक्षज्यूले संतोष व्यक्त गर्नु भयो।

क) गढ़ी डाकरा का शाखा उपाध्यक्ष श्री रणजीत थापाले दियेको सुझाव सभालाई समाजको मंन्दिर समझेर हामीहरूले दान पात्रका दान हाली रहने तथा सम्पन्न परिवारले उचित रूपले दान दिये भने सभा आर्थिक रूपले पनी सशक्त हुनु सकने छ।

ख) गंगोल पंडितवाड़ी शाखा संचालनमा कुनै विवाद न होस् तथा गांववासीहरूले श्री सुरेश सिंह खत्रीज्यूको नाममा सहमति बनाएको छन तथा वहांले सभाको समाज सेवा कार्यहरूमा सम्मिलित हुनु सक्नु हुन्छ तर चुनाव उपरांत निर्वाचित भये पछी मात्र सम्पूर्ण रूपले सभाको औपचारिकताहरू गर्नु हुने छ। सदस्य बनाउनुमा वहांले सभालाई सहयोग दिंदै रहनु हुने छ।

ग) नेपाली भाषाको पठनकार्य बसन्त पंचमी देखी चल्ने छ सबै ले भाषा प्रयोग गर्दै यो कार्यक्रम सफल पार्ने ठुलो उपलब्धि हुने छ नेपाली भाषा डिप्लोमा निम्ति बारह पास गरेको विद्यार्थीले एम.के.पी विद्यालयमा परिक्षा दिने, यस कार्यलाई शाखाहरूले सहयोग गर्नु आवश्यक छ।

घ) पतांजलि योग पीठ का आचार्य बालकृष्णज्यूले विरामीहरू सहायतार्थ 50000/- धनराशि सभामा दान दिनु भयेको छ। सभाका सम्पूर्ण सदस्यहरूको देखी वहांलाई कोटि धन्यवाद छ।

ञ) अगस्त 2021 मा चुनाव सफल गर्नु निम्ति समय-समयमा बैठक भई रहेको छ। जुलाई 2021मा शाखाहरूको अध्यक्ष तथा उपाध्यक्षको चुनाव हुने छ तत्पश्चात अगस्त माहमा केन्द्रको अध्यक्ष, वरिष्ठ उपाध्यक्ष तथा अध्यक्षलाई प्रतिनिधि प्रणाली चुनाव सम्पन्न हुने छ। आउने माह सबै शाखाहरूले आफनो चुनाव निम्ति सदस्यको नामावली चुनाव समिति लाई प्रस्तुत गर्ने छ।

आफनो वार्षिक अधिवेशनमा पनि राख्नु पर्छ।

च) शाखाहरूमा जनगणना कार्य सबै शाखाहरूको पूर्ण भये को छइन शाखाहरूले यस विषयलाई लिएर

छ) अध्यक्षज्यूले सबै शाखाध्यक्षहरूलाई आफ्नो पूर्वकालको उपलब्धिहरूसभामा दिए हामी यो स्थापना दिवसमा प्रचार गर्ने छौं साथै केन्द्रमा दिएको सहयोग तथा दानहरू दियेको जानकारी पनी दिने छौं। हामी पनी अंतरंग सभाको रजिस्टर द्वारा इतिहासको ब्योरा पनी लिने छौं।

ज) सभाका पदाधिकारीहरूको तीन वर्ष कार्यकाल कम भएको छ तथा पाँच वर्ष गरेकोमा महत्वपूर्ण दायित्वहरू जस्मा सभाको पांच वार्षिय नवीनीकरण तथा कार्यशैली सुदृढ़ गर्ने आदि उद्देश्य प्राप्त हुन सकने छ। सभाको कार्यकाल नियमावलीको पारा 5 (छ) तथा 24 (ग) अंतर्गत पदाधिकारीको कार्यकाल तीन वर्ष देखी पांच वर्ष हुनु पर्छ भनी अंतरंग सभामा आम सहमति भयो वार्षिक अधिवेशनमा अनुमोदन भये पछि निबन्धक कार्यालयमा संशोधन पठानु पर्ने छ।

झ) कौलागढ़ शाखाको शाखाध्यक्ष श्री पदम प्रसादपंथी ज्यूको समस्त कार्यकारिणीले कार्य असमर्थताले गर्दा आम जनताले श्री विजय भट्टराईज्यूलाई आउने चुनावमा प्रतिनिधित्व गर्ने भनी सहमति दियेको छन, अब वहांले नामांकन गरी चुनाव प्रक्रिया पूर्ण भये पछि मात्र शाखाध्यक्षको कार्यभार सभालनु सक्ने छन, यसै प्रकार गंगोल पंडितवाडी क्षेत्रमा श्री सुरेश सिंह खत्रीज्यूका सुझाव वार्षिक अधिवेशनमा नया शाखा अनुमोदन भये पछि चुनाव प्रक्रिया हुने छ त्यस समय सम्म सबैहरूले मात्र प्रतिनिधित्व गर्ने अंतरंग सभाले सम्पुष्टि दियो।

अंतमा अंतरंग सभामा सौहार्दपूर्ण सहमति निम्ती उपस्थित महानुभावहरूको अध्यक्षले आभार व्यक्त गर्नु भयो तथा अंतरंग सभा समापनको घोषणा गर्नु भयो।

# “तरूण गोर्खा” आउन छाडेको दुःख थियो पादरी गंगा प्रसाद प्रधानलाई

-उदय ठाकुर

ठाकुर चन्दन सिंह देहरादूनका मात्र न भएर ए समय गोर्खाली समाजको भलो चाहिने विभूति थिए। एक समय जब उनि कांग्रेसका कर्मठ सदस्य थिए त्यस बेला पण्डित जवाहर लाल नेहरू उनको ठेगानामा आएर उनलाई प्रान्तीय अधिवेशनको प्रधानता गर्ने अनुरोध गरेका पनि थिए अनि उनले प्रधानता पनि गरेका थिए। हर्रावालामा भएको यस अधिवेशनमा कांग्रेसका बहु चर्चित नेताहरू सहित मोतीलाल नेहरू, सरोजनी नायडू आदि उपस्थित थिए। ठाकुर चन्दन सिंहले सन् 1920 देखिनै आफ्ना धेरै जना साथीहरू समेत स्वतन्त्रता-आन्दोलनमा हामफालेको हामीले गौरवान्वित महसूस गर्छौं।

ठाकुर चन्दन सिंह 1926 देखिनै नेपाली समाजको उत्थान हेतु ‘गोर्खा संसार’ साप्ताहिक पत्रिका नेपाली भाषामा प्रकाशन शुरू गरे। विश्व भरिका गोर्खाली समाजको पीर, कष्ट, आशा-आकांक्षालाई व्यक्त गर्दै उनि गोर्खालीहरूमा संगठन शक्तिको आह्वान गर्थे। उनले सन् 1928 मा ‘गोर्खा संसार’ को सट्टा ‘तरूण गोर्खा’ साप्ताहिक नेपाली पत्रिका देहरादून देखिनै प्रकाशन गर्ने प्रयास गरे। 8 अगस्त 1928 मा यसको पहिलो अंक प्रकाशित भयो अनि उनको सम्पादन प्रतिभा अनि युवावर्गलाई प्रोत्साहित गर्ने लेख, खबर पढेर पादरी गंगा प्रसाद प्रधान पनि मुग्ध भए अनि आफ्नो तर्फ देखि प्रचार-चर्चा गराए पनि। ठाकुर चन्दन सिंह द्वारा सम्पादित ‘तरूण गोर्खा’ 1933 लगभग पाँच वर्ष सम्म नियमित रूपले छापिंदै रह्यो अनि पछि केहि कारणवश बंद भयो। सामाजिक उत्थानको भावनाले प्रेरित ठाकुर चन्दन सिंह बाट पत्रकारिताको माध्यम द्वारा मातृभाषा नेपालीको प्रचार-प्रसारमा गरिएको सक्रिय सेवा, परिश्रमको पादरी गंगा प्रसाद प्रधान प्रशंसक थिए।

पादरी गंगा प्रसाद प्रधानले 1909 देखि “गोर्खे खबर कागत्” पत्रिकाको प्रकाशन शुरू गरेर, पाठ्य-पुस्तकहरू तयार गरेर नेपाली साहित्यलाई ठूलो गुण गरेको छन यो हामीले भल्नु हुंदैन। उनले भानुभक्तको रामायण अनुवाद गरेर प्रसिद्धि पनि पाए। एउटा योग्य नेपाली व्याकरणको अभावकालमा पाठ्य-पुस्तक लेखेर तथा पत्रिका प्रकाशन गरेर उनले नेपाली समाजको विकासकालमा ठूलो अहम भूमिका निभाएका थिए। नेपाली भाषाको उन्नति भएको, यस भाषामा किताब पत्र पत्रिका छापिएकोमा पादरी गंगा प्रसाद प्रधान खुबै खुशी हुथ्ये अनि यस्ता किताब, पत्र पत्रिकाको प्रचारमा पनि गर्थे। कोलकत्ता बाट प्रकाशित पत्रिका ‘गोरखा मित्र’ (1928) वा देहरादूनको ‘गोर्खा संसार’ ‘तरूण गोर्खा’ पादरी गंगा प्रसाद प्रधानले प्रेम साथ चर्चा गराएका छन अनि जब उनलाई ‘तरूण गोर्खा’ प्राप्त भएन त उनले दुःख प्रकट पनि गरे। कति सम्म भने पादरीका सहृदयी मित्र, दार्जीलिङ निवासी रत्न ध्वज राईले ‘तरूण गोर्खा’ आउन छाडेकोमा दुःख मनाउ गरि लेखेको एउटा कविता 9 जुलाई 1929 मा ‘गोर्खे खबर कागत्’ मा छापिएको छ-

ए ‘तरूण गोर्खा’ देहरादून बसने  
सूर्योदय जस्तो सनचर बार पिच्छे  
आई पुगनिस यहा बेलामां निस्से,  
के भयो तलाइ इच्छे छ सुन्ने,  
के आंधी आयो बत्ती नै निभने ?  
सुन्न पाउं खबर झुल्किन्छस कैले ?  
आशा छ प्रभो ! तुरूत्तै बलने  
दोहाइ छ प्रभो गोहार दैव ऐले ॥

नेपाली भाषा नेपाली संस्कृति पट्टी सहृदयी र प्रेमालु पादरी गंगा प्रसाद प्रधान खिस्ताने धर्मका एक निष्ठ भक्त भए पनि एक कट्टर भाषा भक्त पनि थिए। हामीले यो कुरा भुल्नु चाहिन्न। पादरी गंगा प्रसाद प्रधान अनि ठाकुर चन्दन सिंहले उहिले गरेका कामको हामीले सराहना न गरे हामीलाई पाप लाग्ने छ।

वर्ष 1932 मा ‘‘तरूण गोर्खा’’ मा नै खड्ग बहादुर सिंह बिष्टको ‘नवीन भारत’ ले आफ्नो देशको भारत जन्मभूमि, महात्माको देशमा, ऋषि-मुनिको देश, गरिमा एउटै स्वजहान भएर विभिन्न जात-धर्मका यो राष्ट्रमा जन्मिनु आफै भाग्यमानी ठान्ने संसार भरि यश फिँजिएको भारत मेरो वाश भनी आफ्नो कवितामा राष्ट्रीय भावना पोखेका छन:

जुन भारत ऋषि वेद पढ़ी  
अघि बस्दथिए ध्वनि खुबनगरी  
उहि आज उमावस रात्रि सरी  
भई शून्य वसिन् जननी यसरी  
चिन अङ्गल भूमि जपान मही  
बिच गौरवशाली र शौम्य भई  
तिनको फिजियो यश शीघ्र अनि  
तर भारतको यस्तै छ गती।

‘तरुण गोर्खा’ मा आफ्नो जन्म भूमिको प्रेममय भावहरू विशेषताले ओतप्रोत कविताहरू, लेखहरू प्रकाशित भएका पाइन्छन। राष्ट्रप्रेम, जाति प्रेमको सन्देश पुर्‍याउनमा ‘तरूण गोर्खा’ ले अहम भूमिका निर्वाह गरेको कुरो भारतीय नेपाली साहित्यको इतिहासमा पाइन्छ। हामी ठाकुर चन्दन सिंहका ऋणी छौं।

# भारतका जम्मै गोर्खाहरू जनजाति नै हुन्

भारत सरकारले केन्द्रमा जनजातिको विकास र सुरक्षाकालागि आयोग नै गठन गरेको छ। भएन, राज्यहरूमा पनि आयोगहरू छन्। पहिल्यै हामीले उल्लेख गरे अनुसार भारतीय संविधानमा अनुच्छेद 338(क) को खण्ड(४) मा जनजाति आयोगको कार्यप्रणालीका बारेमा धेरै कुराको खुलासा गरिएको छ। संविधानका तिनै बुँदाहरूको आधार लिएर यस बारेमा हामी अघि बुझ्न सक्छौं। यहाँ अहिले हामीले पूरै संविधान खोलेर देखाउनु छैन। अरू धेरै जातिहरूले संविधानको यसै प्रावधानको तहमा रहेर आफ्नो दुनो सोइयाए, हामी आफैमा मखख परेर बस्यौं। अहिले आएर 11 र 12 जातिलाई 'जनजातिको दर्जा दिइयोस्' भनेर कराउँदै छौं। कुनै पनि कार्यलाई कार्यान्वयन गर्नुपर्दा त्यसको एउटा प्रक्रिया हुन्छ। त्यसै अनुरूप कार्य गर्दा नै केही हात लाग्छ, नत्रता 'अरण्यरोदन' भएर जम्मै हराउँछ। हामी यसैमा चुक्तैछौं।

हामी भारतमा जम्माजम्मी 1 प्रतिशत् पनि छैनौं होला। यस हिसाबले हामी यहाँ लघु संख्यक अर्थात् 'माइनोरटी' मा दहिनु पर्नेहो। अरूले लघुसंख्यकको दाबी गरेर उनीहरू सफल भए, हामी अझै यथास्थामै छौं। त्यसको पनि लाभ हामीले कहाँ भेट्यौं र। जहाँ सम्म जनजातिको प्रश्न छ, हामीले यसमा कठोरे पाइला चाल्नै पर्छ। जनजाति हुंदा हामीले के के फाइदा लिन सक्छौं होला भन्न प्रश्न धेरैका मनमा तेर्सिन सक्छ। जनजातिलाई के के सुविधा दिइन्छ भन्ने कुराको स्पष्ट खुलासा संविधानले गरेको छ। संविधान पल्टाएर हेरौं, जम्मै कुरा थाहा लाग्छ। रह्यो कुरो प्रक्रियाको। यसैमा हामी चुक्तै जान्छौं र पछि असफल पनि हुन्छौं, भइ रहेका छौं। अब अलिकति अर्कोपाटो।

नेपाली भाषी स्कूलहरूमा त हाम्रा विद्यार्थीहरूले अरू भाषा सँगसँगै नेपाली भाषा पनि पढ्छन। तर हाम्रा विद्यार्थीहरू अरू प्राइवेट स्कूलहरूमा पनि उत्तिकै छन। ती स्कूलहरूमा कहीं कहीं त पचास प्रतिशत भन्दा धेर नेपाली विद्यार्थीहरू नै देखिन्छन्। कुनै पनि स्कूल अथवा विद्यालयहरूमा संख्या वरिष्ठ विद्यार्थीहरूलाई एउटा ऐच्छिक विषयमा पढ्ने अधिकार पनि छ। यो स्कूलको केरिकुलमभित्र पर्दछ। तर कुनै कुनै यी स्कूलहरूमा गरिष्ठ संख्या हुंदा हुंदै पनि तिनीहरूको मात्रीभाषा न पढ़ाएर विभिन्न बहाना गरेर अरू भाषा पढ़ाइएको देखिन्छ। हामीले त्यस पछि पनि त्यति चासो लिदैनौं, पूर्दै लाने यस्ता छिद्रहरू अरू पनि धेरै छन। त्यतापटि पनि हामीले कहाँ ध्यान दिएका छौं र! उ अस्ति सम्म पनि हाम्रा राशन कार्डहरूमा नेपाली भाषा गाभिएको हुन्थ्यो, त्यो पनि हरायो। निरर्थक आन्दोलन मात्र गर्न्यौं, यस्ता मसिना तर अति आवश्यक कुराहरू पटि हामीले ध्यानै दियौंन।

यो जनजातिको मामिलामा पनि हाम्रो व्यवहार त्यस्तै होला भन्ने लाग्छ। भनिन्छ, मानिस तीन थरीका हुन्छन। पहिलो थरीको मानिसले कुनै ठूलो काम गर्ने आँटै गर्दैन, कामको रूपरेखा देखेरै डराउँछ। दोस्रो थरीको मानिसले पहिले जोगिएर कामको थालनी त गर्छ तर गर्दै जाँदा पछि हरेश खाएर बीचैमा अधुरै राखेर त्यो काम उसले छोड़ि दिन्छ। अर्को तेस्रो थरीको मानिसले भने एक चोटि थालेको काम जस्तै कठिन परिस्थितिमा पनि उसले त्यो काम गरेर पार लाएरै छोड्छ। हामीछैं माथि उल्लेख गरिएको त्यो मझौले वर्गमा पर्छौं होला जस्तो हामीलाई लाम्छ। बौद्धिक कामहरू गर्नेप्रवृति हामीमा छैन। त्यस्ता कामहरू गर्न मगज खियाउनु पर्नेहुन्छ, यही मगज खियाउने जाँगरको कामीले गर्दा नै हामी ठगिंदै गएका छौं। फेरि यो जनजातिकै बारेमा दुइचार कुरा। वैश्वीकरण अर्थात् भूमण्डलीकरण हुँदै गएको आजको विश्वमा यता भारत सरकारले जनजाति र आदिवासी समुदायलाई आज पनि पछौटे वर्गमा राखेर उनीहरूको उन्नतिका लागि विभिन्न क्षेत्रमा काम गरि रहेको देखिन्छ। आर्थिक समस्या सँगसँगै सांस्कृतिक समस्याको निदानकालागि पछौटे वर्गका समुदायलाई सरकारले धेरै आड़ दिने गर्छ, तर हामी त्यसबाट पनि बश्चित छौं।

अहिले भारत सरकारले मुठ 427अनुसूचित जनजातिको पत्तो लाएको छ र ती जातिहरूलाई नामावलीबाट हामीचैं बश्चित छौं, कारण हामी सामान्य जातिमै दबिएका छौं। यसरी बी.पी.एल. बाट पनि हामी ठगिएका छौं। बी.पी.एल. हुनकालागि हरितन्नम हुनु पर्दैन। यो कुरो पनि हामीले बुझिसकेका छौं जस्तो लाग्दैन।

तीतो सत्य के भने अहिले पनि जनजाति, अनुसूचित जनजातिहरूमा 52 प्रतिशत गरीबीको रेखा तल्तिर रहेका छन। गरीबीको रेखा तल्तिर जान बाट हामीलाई बश्चित गराएर राखिएको छ। विसङ्गति के देखिन्छ भने, ठेलावाला, रिक्शावाला, दिनहाजिरा गर्नेव्यक्तिले एकदिनमा दुइसयदेखि पांचसयसम्म कमाउंछ। त्यस्तालाई गरीब भनेरै सोचिन्छ, तर अर्कातिर गरीबीको रेखाचैं त्यसदेखि निकै तलबाट खिंचिएको छ र एकदिनमा अट्ठाइस रुपियांसम्म कमाउनेलाई मात्र सरकारले बी.पी.एल. को हारमा राखेको छ। शहरी क्षेत्रमा बस्नेलाई छत्तीस रुपियांको छेउछाउ राखिएको छ। यस्ता विसङ्गतिहरू अरू पनि धेरै छन् र अहिले आएर तिनै विसङ्गतिहरूको रेलमपेलमा पनि हामी मुछिएका छौं।

भाषा, साहितय र संस्कृतिको जगेड़ा र तिनको विकासकालागि हामीले जुन संरक्षण पाउनु पर्नेहो, दश प्रतिशत पनि पाएका छौं जस्तो हामीलाई लाग्दैन। यिनै समस्याहरूको निवारण र यिनको विकासका लागि हामीले यस विषयको सैद्धान्तिक रूपरेखाको एउटा सानो प्रयास हामीले गरेका छौ।

साभार : मध्य मार्ग

# बाल-बिरूवा-

-श्री राज.के श्रेष्ट

बाल-बिरूवासरह हुन बाल-बालिका भनेका। सरल, छलकपट, छक्का-पंजा ज जान्ने। सांचो झूटो न बुझ्ने, न जान्ने। पाप धर्मको, जात जातिको भेदभाव न जान्ने न बुझ्ने, स्वतन्त्र, सांचो, पवित्र प्रवृत्तिका हुन्छन। जसरो कृषकहरूले बिऊ बिरूवाहरूलाई रोपेर मलजल गरेर, गोड़झार गरेर, याद गरेर, छेकयुन गरेर, बड़ाएर छुर्काएर फुल्ने फल्ने बनाउं छन त्यसरी नै आमा-बाबाले पनि आफ्ना छोरा-छोरी वा बाल-बालिकाहरूलाई हुर्काउने बढ़ाउने गर्छन। बाल-बालिका भनेका प्रौढ़को बालावस्था हो र त्यस्तै हो वृक्षको बालावस्था। छोरा-छोरीहरू आमा-बाबाका सुख आनन्दका मीठा सपनाहरू हुन सुन्दर उपहार हुन। ईश्वरीय देन, पुरस्कार हुन, वरदान हुन। यी बाल-बिरूवाहरूलाई देख-रेख, स्या- हार-सुसार, शिक्षा दीक्षा दिएर मान्छे देखि मानव बनाउने क्रमको आधा जिम्मा पूरा गरिसके पछि गुरूबाबु, गुरू-आमाको दोस्रो ठूलो दायित्व र जिम्मामा हुर्किन्छन शिक्षाजगत्मा। शिक्षाबिनाको जीवन, जाति र समाज सबै अन्धकार बन्दछ र त्यहां बाट शिक्षा बिहिन, निराक्षर असभ्य आदि उत्पन्न हुन्छ। जति पनि विकासका उपजहरू छन ती सब शिक्षाकै फलप्राप्ति हो। शिक्षा भनेको ज्ञान हो र ज्ञान भनेको जान्नु हो अर्थात् जान्नु ज्ञान हो। मातृभावानै शिक्षाको पहिलो खुड़किलो हो। आफ्नै भाषामा शिक्षा ग्रहण गर्नु सबैभन्दा सरल, सजिलो र ज्ञानवर्धक तरिका हो अर्थात सिक्ने जान्ने सजिलो उपाय हो। बाल-बालिकाहरूका निम्ति भाषा पनि त्यस्तै बाल-शुलभ हुनपर्छ र साथै तिनीहरूका निम्ति भाषामा कतिपय अलग्गै शब्दहरू पनि छन। जस्तै-नाना, पापा, चाचा, मामा, हाम, सु.सु, नाते, गरि, थिगिरि, ढुंग, बुंग, तैंते, पाकपाक, बुलबुल, गुजो, फित्ता इत्यादि। यसरी नानीहरूको पढ़ाइ शुरू हुन्छ घरकै पाठशालाबाट आमा-बाबा र [illegible]-परिवार बाट।यसर्थ खास गरेर आमाकै भाषाको नाम हो मातृभाषा र यहीं बाट शिक्षाको पठन-पाठनकार्य शुरू हुन्छ। बाल-बालिकाहरूलाई शिक्षा दिंदा उनीहरूकै स्तरका कथा, कविताहरू लेखिएको हुन पर्छ। कविताहरू बाल-स्तरको धुनबद्ध वा लयबद्ध [illegible]को खण्डमा झन राम्रो गएर सिकाउनपर्ने खालको जुन अंग्रेजी भाषामा( नर्सरी राइम्स) भनिन्छ। नेपालीमा बाल-गीत वा बाल-लहरी भनिन्छ तर हाम्रोमा अंग्रेजीमा जस्तो चलन हर्यात छैन। यसै न हाम्रोमा बाल-साहित्य लेख्ने चलन पनि त्यत्ति फस्टएको छैन। नेपालीमा बाल-साहित्य (कथा, कविता) लेख्नेहरूमा डॉ. पारसमणि प्रधानको नाम अघिल्लो पंक्तिमा आउंछ। बाल-कथा कविताहरू विशेष गरेर सरल र सहज र सरस हुनका साथै उपदेशात्मक र ज्ञानवर्धक भएको पाइन्छ। खासमा शिक्षा भनेको पनि यही नै हो। यस प्रकारले नानीहरूलाई शिक्षा दिने गरिन्छ। अंग्रेजीमा( इसप्स फेबल्स) इसपले लेखेको कथाहरू नै बाल-कथा हुन।

नानीहरूलाई यस्ता कथा कविताहरू आफ्नै भाषामा वा मातृभाषामा सिकाईंदा छिटो सिक्छन। यसरी सजिलै छिटै सिक्नसक्ने बुझ्नसक्ने र जान्ने हुनाले मातृभाषामा शिक्षा दिन लाभदायक हुने छ। वास्तवमा शिक्षा दिनुको अर्थ र मूल उद्देश्य पनि यही नै हो। आफ्नो भाषा भनेको नानीहरूले स्कूल जानभन्दा पहिल्यै बोल्न सिकिसकेका हुन्छन जानिसकेका हुन्छन र बुझ्ने भइसकेको हुन्छन। त्यसै र सजिलो हुन्छ। वर्तमान शिक्षा-पद्धतिअनुसार अंग्रेजी भाषामा शिक्षा दिए मात्र शिक्षित हुनेखालको विचारको रोगले ग्रस्त भएका छौं। वास्तवमा अंग्रेजीमा शिक्षा दिनु भनेका अंग्रेजी भाषा सिकाउनु हो। ज्ञान दिनु बुद्धि दिनु होइन। ज्ञान बुद्धि त आफ्नै भाषामा सजिलै दिन सकिन्छ। अंग्रेजी पढ़नाले भात खान पाइन्छ भन्ने विचारको कमारो भइ सकेका छौं। त्यसैर पनि हाम्रो आफ्नो मातृभाषा प्रति हाम्रो विचार सकारात्मक छैन अथवा पराई गर्नेखालको छमान सम्मान, श्रद्धा, भक्ति, आदर, सत्कार गर्नेखालको छैन। यसरी आफ्नै मातृभाषा अर्थात् आमाको भाषा वा आमाप्रतिको विचार यस्तो भएका छोरा-छोरीहरू आमा-बाबू, स्कूलमा त अक्षर-ज्ञान वा अक्षर चिन्नु 1 जान्नु मात्र हो। बोल्नलाई सिकाइरहनु पर्दैन। अन्धाले पनि चिन्छ आफ्नो जन्मदिने आमा। पशु-पक्षीले चिन्छ आफ्नो आमा। हामी देख्ने अन्धा, सुन्ने बहिरा, बुझ्ने मूर्ख। हामी र हाम्रो भाषा यहीं लट्पहिएको छ। हाम्रो बुद्धि यहीं नाशिएको छ। आफ्नो भाषा न जान्ने जाति नचिन्नेको समाजमा बांच्ने जिउंदो लाश भएका छौं। जातिको यो सबैभन्दा कमजोर पक्ष हो। यस्तो रोग बाट बांच्ने उपाय हो भाषा, साहित्य जाति र समाजप्रति सत्कारात्मक विचार। बाल-बालिकाहरूलाई दिनपर्ने शिक्षा, ज्ञान, बुद्धि भनकै यही हो। एउटा सिंगो जाति बांच्छ भाषामा, साहित्यमा, संस्कृतिमा, परम्परा, सभ्यता, बानी-बेहोरा रहन-सहन, बोलीचाली र परिचयमा बांच्छ। यसर्थ आफ्नो भाषाको अवहेलना गर्नु भनेको यी जम्मै कुराको अवहेलना गर्नु हो र यो भन्दा घृणित विचार अरू हुनै सक्दैन। यो नै बाल-बालिकाहरूलाई दिनपर्ने शिक्षा र ज्ञान हो।



गोर्खाली सुधार सभा द्वारा संचालित नेपाली भाषा प्रशिक्षणको प्रारम्भ बसंत पंचमीको दिन विधिवत भयो।



देहरादून उत्तराखण्डको युवाहरूको प्रस्तुति पहिलो वीडियो एलबम 'हाँसिलो मुहार' को प्रिमियरको अवसरमा उपस्थित समाजका महानुभवहरू।




मोतीहारी, बिहारमा एक नेपाल मूलकी नाबालिक गोर्खाली चेलीको सामूहिक दुष्कर्म अनि हत्यामा देहरादूनको सबै समुदायबाट श्रद्धांजलि अर्पित तथा विरोधाभास।




सासाराम बिहारमा आयोजित फेडरेशन कप–2021 मा उपविजेता उत्तराखण्ड वुमैन टीमलाई गोर्खाली सुधार सभा अध्यक्ष श्री पदम सिंह थापाज्यू द्वारा सम्मान



वार्षिक अधिवेशन शाखा जैतनवालामा छात्रवृत्ति वितरण